# आर्थिक वर्ष २०७७/ ७८ को

# बजेट

महाभारत  गाउँपालिका

**बागमती प्रदेश, नेपाल**

महाभारत गाँउपालिका

आदरणीय यस गरिमामय सभाका सभाध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, गाउँसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, महाभारत गाउँपालिकाको आदारणीय आमा, बुबा, दिदीबहिनी तथा दाजुभाईहरु महाभारत गाउँपालिकाको तर्फबाट विकासका लागि मार्गदर्शनको रुपमा रहेको आगामी आ.व. ०७७।७८ को वार्षिक बजेटको जानकारी गराउन पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । सर्वप्रथम यस महत्वपूर्ण घडीमा परिवर्तनका लागि ऐतिहासिक दश वर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन तथा विभिन्न आन्दोलनको क्रममा आफ्नो ज्यानको बाजी थापेर शहिद हुनु भएका महान् शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै त्यस क्रममा बेपता तथा घाईते हुनुभएका साहसिक योद्धाहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

राज्यका तीन तहको सरकार मध्ये स्थानीय तहको रुपमा रहेको यस महाभारत गाउँपालिकाको सम्वृद्धिका लागि सहयोग गर्नुहुने संघ र प्रदेश सरकारका माननीय सांसद एंव उच्च तहका अग्रणी राजनीतिक नेतृत्व प्रति आभार तथा धन्यवाद व्यक्त गर्दछु । विभिन्न चुनौतीका बाबजुद यस गाउँपालिकाको सार्वजनिक तथा अन्य सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आउनु भएका जनप्रतिनिधि राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय, पत्रकारमित्रहरु, समाजसेवी, बुद्धिजीवि, राजनीतिक दल तथा आम जनसमुदायहरु प्रति हार्दिक धन्यवाद दिँदै गाउँपालिकाको हरेक कार्यमा सहयोग गर्नुहुने सबैमा विशेष धन्यवाद दिन चाहान्छु ।

यस गरिमामय सभाका सभाध्यक्ष महोदय, आ.व. ०७७।७८ को बजेट तर्जुमा गर्दा लिएका प्रमुख नीतिगत आधार र मुख्य मार्गदर्शन प्रस्तुत गर्न अनुमति चाहान्छु ।

१. गाउँसभाबाट आ.व. ०७७।७८ मा पारित नीति तथा कार्यक्रम ।
२. नेपालको संविधानले निर्दिष्ट गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकार सम्बन्धि विषय तथा प्राथमिकताहरु ।

३. नेपालको संविधानले निर्देशित गरेका स्थानियतहको कामकतर्व्य तथाअधिकार सम्बन्धिविषयतथाप्राथामिकताहरु

४. स्थानिय सरकार संचालन ऐन , २०७४ को नीतिगतव्यवस्था र प्राथामिकताकाआधारहरु

५. राष्ट्रिय प्राकृतिक स्रोत तथावित्तआयोग ऐन ,२०७४ को नीतिगतव्यवस्था र प्राथामिकतातथा सन्तुलनकाआधारहरु

६. अन्तर सरकारी वित्तव्यवस्थापन ऐन ,२०७४ ले गरेको नीतिगतव्यवस्था

७. स्थानियतहको वार्षिक योजनातथा बजेट तर्जुमादिग्दर्शन ,२०७४ ले निर्दिष्ट गरेको वार्षिक योजनातथा बजेट तर्जुमाकाआधारहरु ।

६. नेपाल सरकार अर्थमन्त्रालयबाट समानीकरण अनुदान र राजश्व बाँडफाटको सिलिङ सहितको मार्गदर्शन

७. संघिय र प्रदेश सरकारले जारि गरेको नीतिकानूनतथा मापदण्डहरु

८.संघिय सरकार र प्रदेश तहबाट प्राप्तअन्यमार्गदर्शन एवम् निर्देशकतथा सुझावहरु ।

९.चौधौ योजनाले निर्दिष्ट गरेकालक्ष्यएवम् उद्देश्यहरु ।

१०. जनतासँगमतमाग्दाव्यक्त गरेका प्रतिवद्धता पत्रतथा समय समयमागरिएका सार्वजनिक वचनबद्धताहरु ।

यस सभाका सभाअध्यक्ष ज्यू र सदस्य ज्युहरु । अब, म आ.व. ०७७।७८ का लागि सञ्चालन गरिने विषयगत शाखाको कार्यक्रमहरुमा विनियोजित गरेको बजेट प्रस्तुत गर्न चहान्छु । यस बजेटमा गाउँ, टोल बस्तीबाट, प्रत्येक

महाभारत गाउँपालिका

वडाहरुबाट र विभिन्न निकाय तथा क्षेत्रहरुबाट माग भए बमोजिमका बजेट यस गाउँपालिकाले चाहादा-चाहादै पनि बजेटको निश्चित अंक भएकाले कतिपय महत्वपूर्ण योजनाहरु छुट्न गएको प्रति क्षमाप्रार्थी छु ।

**आर्थिक विकास :**

१. वडा स्तरमा गठन भएका कृषक समूहलाई कृषि ज्ञान केन्द्रको रुपमा विकास गरि कृषि उत्पादनमा आधुनिकीकरण गर्न आवश्यक बजेटको व्यवस्थागरेको छ ।

२. युवास्वरोजगार कार्यक्रम अन्तर्गत युवा लक्षित कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक बजेटको व्यवस्था गरेको छु । जस अन्तर्गत गोठ सुधार उन्नत जातका चौपाया वितरण कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । यसै वर्षबाटै दुग्ध चिस्यान केन्द्र खोल्नका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३. गाउँपालीका भित्रको खेतीयोग्य जमीनमा सीचाइको् लागी बजेटको व्यवस्था गरीएको छु ।

४. कृषक समुहहरुलाइ क्षमता अबिवृद्धीको लागि आवश्याक्ता वजेटको व्यवस्था गरीएको छु ।

**सामाजिक विकासः**

**स्वास्थ्य**

१. शुन्य होम डेलिभरी तथा बाल, मातृ मृत्युदर घटाउनको लागि महिला स्वास्थ्य स्वयं सेविकालाइ दिईने प्रोत्सहान भत्तालाई निरन्तरता दिइएको छ ।

२. गाउँपालिकाले वितरण गर्दै आएको एन्टीबायोटीक सहित ६८ प्रकारको औषधी वितरण गर्ने कार्यलाई निरन्तर बजेटको व्यवस्था गरेको छु ।

३. जेष्ठ नागरिकसँग अध्यक्ष कार्यक्रम अन्तर्गत प्रत्येक वडामा स्वास्थ्य परिक्षण शिविर संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

४. अध्यक्ष जनता स्वास्थ्य कार्यक्रम शुरु गर्ने गरि बजेटको व्यवस्था गरेको छु ।

५. स्वास्थ्यचौकीहरुलाई आवश्यक उपकारणको लागि बजेट विनियोजन गरेको छु ।

**शिक्षा :**

१. विकासको प्रमुख पूर्वाधारको रुपमा रहेको शिक्षालाई निःशुल्क तथा अनिवार्य बनाउन यस महाभारत गाउँपालिका सँग समन्वय गरि सार्वजनिक शिक्षालाई पहिलो प्राथमिकतामा राखि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

२. सामूदायिक विद्यालयलाई प्रतिस्पर्धी बनाउन तथा शैक्षिक गुणस्तर सुधार्न विद्यालय तथा शिक्षक/ प्र.अ. हरुलाई प्रोत्सहान स्वरुप रु ३,५०,००० ।- बजेटको व्यवस्था गरेको छु ।

३. प्राविधिक जनशक्तिको विकास गर्न सामूदायिक मा. वि. बाट SEE परीक्षा उतिर्ण उत्कृष्ट ४ जना छात्र तथा छात्राहरुलाई प्राविधिक डिप्लोमा अध्ययान गर्न छात्रवृत्ति स्वरुप एकमुष्ठ रु ६ लाख विनियोजन गरेको छु ।

**पूर्वधार विकास तर्फको वक्तव्य**

महाभारत गाँउपालिका

१) **सडक :**

१. यस गाउँपालिकाको केन्द्रदेखि सबै वडा कार्यालयहरु सम्म सडकको ट्र्याक यसै वर्ष खोल्ने गरि आवश्यक बजेट व्यवस्था गरेको छ ।

२. यस गाउँपालिका भित्रका मुख्य सडकहरुलाई बाह्रै महिना चल्ने गरि ढल निकाशा सहित मर्मत सम्भार कार्यलाई आवश्यक बजेट विनियोजन गरेको छ ।

३. आगामी ३ वर्षभित्र प्रत्येक टोल-टोलमा मोटर बाटो पुर्याउने गरि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

**सिँचाई :**

१. यस महाभारत गाउँपालिका भित्रका कृषि योग्य जमिनहरुमा सिँचाईका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२. यस महाभारत गाउँपालिका भित्र कुलो मार्फत सिँचाई नहुने जमिनमा थोपा तथा प्लाष्टिक पोखरी सिँचाईलाई बजेटको व्यवस्था निरन्तरता दिएको छ ।

**वातावरण तथा विपद व्यवस्थापन**

१. यस गाउँपालिकामा आकस्मिक रुपमा प्राकृतिक तथा मानव निर्मित प्रकोपबाट घटेका घटनाको सहयोगका लागि आवश्यक बजेट विनियोजन गरेको छ, ।

**सुशासन तथा संस्थागत विकास**

१. गाउँपालिका, वडा कार्यालय लगायत सार्वजनिक सेवा प्रवाह गर्ने विभिन्न कार्यालयहरुबाट दिईने सेवालाई पारदर्शि चुस्त, दुरुस्त बनाउनका लागि आवश्यक बजेटको विनियोजन गरेको छ ।

२. सुशासनलाई प्रभावकारी ढंगले अगाडि बढाउन प्रत्येक वडामा सार्वजनिक सुनुवाई गर्दै लैजाने गरि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

महाभारत गाउँपालिका

## बजेट तथा कार्यक्रम

अव म आगामी आ.व. ०७७/७८ मा संचालन गरिने प्रमुख कार्यक्रमहरू र विनियोजित बजेटविवरण प्रस्तुत गर्न अनुमती चाहन्छु ।

संघिय सरकारबाट प्राप्त वित्तीय समानीकरण अनुदान अन्तर्गत रु.८ करोड २० लाख, सशर्त अनुदान तर्फ रु. १५ करोड ६९ लाख, राजश्व बाँडफाँड तर्फ  ७ करोड २७ लाख  २८ हजार ,संघ बिशेष अनुदान २ करोड ४५ लाख तथा संघ समपुरक ४८ लाख अनुमानित गरी कुल रु ३४ करोड ९ लाख २८ हजार

त्यस्तै प्रदेशबाट,

वित्तीय समानीकरण अनुदान अन्तर्गत रु. ९९ लाख ७७ हजार, सशर्त अनुदान तर्फ रु. २ करोड ६० लाख ५६ हजार,प्रदेश सवारी ८६ लाख ८६ हजार , प्रदेश बिशेष रु.५० लाख , प्रदेश समपुरक तर्फ रु.२ करोड ९९ लाख ९७ हजार कुल रु ७ करोड ९७ लाख १६ हजार

त्यस्तै

आ.व. ०७६।७७ को राजस्व आय प्रक्षेपण रु. ४१ लाख, चालु आ.ब.को अनुमानित नगद मौज्दात रु. ५ करोड गरी जम्मा गरी रु. ५ करोड ४१ लाख

**आ.ब. ०७७।७८ को कुल बजेट रु.४७ करोड ४७ लाख ४४ हजार** रुपैयाँ रहेको छ ।

जसमध्ये खर्च तर्फ संघीय सरकारबाट प्राप्त बित्तिय समानीकरण अनुदान तथा राजश्व बाँडफाँड, प्रदेश तहबाट प्राप्त बित्तिय समानीकरण अनुदान तथा सवारी कर , आन्तरीक आय र चालु आ.व कोमौज्दात समेत जम्मा रकम रु २२ करोड ७४ लाख ९१ हजार रकम मध्ये संचालन खर्च तर्फ रु. ५ करोड ५४ लाख ८५ हजार र विकास बजेट तर्फ रु १७ करोड २० लाख ६ हजार विनियोजन गरेको छ्।

संघ बाट सशर्त अनुदान तर्फ प्राप्त रु १५ करोड ६९ लाख , संघ बिशेष अनुदान २ करोड ४५ लाख तथा संघ समपुरक ४८ लाख तथा प्रदेशबाट शर्शर्त अनुदान तर्फ प्राप्त रु २ करोड ६० लाख ५६ हजार, प्रदेश बिशेष रु.५० लाख , प्रदेश समपुरक तर्फ रु.२ करोड ९९ लाख ९७ हजार ,रकम गरी जम्मा रु २४ करोड ७२ लाख ५३ हजार रकमलाइ तत् तत् तहबाट नै तय भइ आए बमोजिमखर्च गरिनेछ ।

विनियोजन गरिएको रकम मध्ये यस गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालयहरुतथा विभिन्न विषयगत कार्यालय समेतको लागि संचालन खर्च तर्फ रु. ५ करोड ५४ लाख ८५ हजार विनियोजन गरिनुको साथै विकास बजेट तर्फरु १७ करोड २० लाख ६ हजार रकम विनियोजन गरिएको छ।

**विषय क्षेत्रगत बजेट**

बिकास,बजेट अन्तर्गत छुट्याइएको १७ करोड २० लाख ६ हजार रकम लाइ महाभारत गाउँपालिकाको समस्टिगत विषय क्षेत्रको आधारमा निम्नानुसार रकम विनियोजन गरिएको छ ।

## आर्थिक विकास

| क्रम संख्या | कार्यक्रम | निसर्तअनुदान (रु हजारमा) | सशर्त अनुदान (रु हजारमा) | प्रदेश शर्शर्त | जम्मा |
|---|---|---|---|---|---|
| १. | कृषि | ४४९५ | ७००० | ५०० | ११९९५ |
| २. | पशु बिकास | २५२७ | ३००० | ५०० | ६०२७ |
| ३. | पर्यटन बिकास | १००० | ० | | १००० |
| ४ | सहकारी | ५०० | ० | | ५०० |
| ५ | सिचाई | २१८० | ० | ० | २१८० |
| ६ | लघु ऊद्यम बिकास कार्यक्रम | | २९०० | | २९०० |
| | जम्मा | १०७०२ | १२९०० | १००० | २४६०२ |

महाभारत गाउँपालिका

- आर्थिक क्षेत्र अन्तर्गत कृषि पशु पर्यटन सम्बन्धी कार्यक्रमको लागि रु २ करोड ४६ लाख २ हजार विनियोजन गरिएको छ ।

## सामाजिक विकास

| क्र.स | कार्यक्रमको नाम | निशर्त अनुदान(रु हजारमा) | संघ सशर्त अनुदान(रु हजारमा) | प्रदेश शशर्त | जम्मा |
|---|---|---|---|---|---|
| १. | शिक्षा | ९८७० | ९७५०० | ९३६ | १०८३०६ |
| २. | स्वास्थ्य | ६९५२ | २९६०० | १२६२८ | ४९१८० |
| ३ | महिला , बालबालिका ,ज्येष्ठ नागरिक, अपाङ्ग , जनजाति(संस्कृति प्रवर्धन) ,दलित र न्यायीक समिति तर्फ | ७१९० | ३०० | १४९२ | ८९८२ |
| ४ | खानेपानी तथा ढल निकास | ६६४५ | ० | ० | ६६४५ |
| ५ | संस्कृती प्रवर्दन | ४४०० | ० | ० | ४४०० |
| ६ | खेलकुद तर्फ | ६६०० | | | ६६०० |
| | **जम्मा** | ४१६५७ | १२७४०० | १५०५६ | १८४११३ |

- सामाजिक विकास क्षेत्र अन्तर्गत शिक्षा स्वास्थ्य खेलकुद लक्षित वर्ग महिला बालबालिका साहित्य कला क्षेत्रका कार्यक्रमको लागि १८ करोड ४१ लाख १३ हजार विनियोजन गरिएको छ।

## पूर्वाधार विकास

| क्र.स | कार्यक्रम | निशर्त अनुदान(रु हजारमा) | प्रदेश शशर्त अनुदान(रु हजारमा) | संघ शशर्त अनुदान | जम्मा |
|---|---|---|---|---|---|
| १ | डि.पि.आर(पुर्वाधार तर्फ) | ३९०० | | | ३९०० |
| २ | उर्जा | | | ८०० | ८०० |
| ३ | भवन निर्माण | १२५९९.५३१ | | | १२५९९.५३१ |
| ४ | सडक | २८९३० | १०००० | | ३८९३० |
| ५ | पक्की पुल र झोलुङ्गे पुल | | | ६००० | ६००० |
| ६ | समपुरक सडक तथा खानेपानी | | २९९९७ | ४८०० | ३४७९७ |
| ७ | बिशेष सडक तथा खानेपानी | | २४५०० | ५००० | २९५०० |
| ८ | गत बर्षको समपुरक योजना | | १४८८४ | | १४८८४ |
| ९ | समपुरक कोष तर्फ | ४७२३४ | | | ४७२३४ |
| | **जम्मा** | ९२६६३.५३१ | ७९३८१ | १६६०० | १८८६४४.५३१ |

- पूर्वाधार विकास अन्तर्गत विभिन्न स्थानीय सडक भवन विद्युतीकरण सिचाइ आदि कार्यक्रमको लागि १८ करोड ८६ लाख ४४ हजार विनियोजन गरिएको छ ।

वातावरण तथा विपद व्यवस्थापन

| क्र.स | कार्यक्रमको नाम | सशर्त अनुदान(रु हजारमा) | निशर्त अनुदान(रु हजारमा) | जम्मा |
|---|---|---|---|---|
| १ | वन तथा भुसंरक्षण | | | |
| २ | बातावरण सरसफाई | | १००० | १००० |
| ३ | बिपद व्यबस्थापन | ० | ३००० | ३००० |
| | **जम्मा** | | | ४००० |

महाभारत गाउँपालिका

- वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वातावरण संरक्षण विपद व्यवस्थापन जलाधार संरक्षण लगायतका क्षेत्रमा जम्मा रु. ४० लाख बिनियोजन गरिएको छ।

### संस्थागत विकास, सेवा प्रवाह र सुशासन

| क्र.स | कार्यक्रमको नाम | निसर्त अनुदान(रु हजारमा) | सशर्त अनुदान(रु हजारमा) | जम्मा - (रु.हजारमा) |
|---|---|---|---|---|
| १ | संचालन खर्च | ५२९८५ | ० | ५२९८५ |
| २ | प्रधानमन्त्री रोजगार कार्यक्रम | ० | ६३०० | ६३०० |
| ३ | राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण बिभाग | | ३४०० | ३४०० |
| ४ | गरिब घर परिवार पहिचान | | १०० | १०० |
| ५ | भिलेज प्रोफाईल | ३०० | | ३०० |
| जम्मा | | | | ६३०८५ |

संस्थागत विकास, सेवा प्रवाह र सुशासन तर्फ गाउँपालिका तथा कार्यालय निर्माणगाउँपालिकाको प्रोफाइल निर्माण, दिगो बिकास कानुनी परामर्श सेवा, कार्यालय व्यवस्थापन सूचना प्रविधी आदि क्षेत्रको लागि रु ६ करोड ३० लाख ८५ हजार रुपैयाँ विनियोजन गरिएको छ।

### भैपरी आउने पुजिगत

१.वर्तमान संक्रमकालीन अवस्थालाई मध्यनजर गरी आवश्यकता अनुसार पुन कार्यपालिकाको बैठकले खर्च शिर्षक किटान गरी खर्च गर्ने गरी निम्न शिर्षकमा भैपरी आउने पुजिगत मर्मत कोष र समपुरक अनुदानमा बजेट बिनियोजन गरिएको छ।

| क्र.स | कार्यक्रमको नाम | निशर्त तर्फ | शसर्त तर्फ | जम्मा |
|---|---|---|---|---|
| १ | भैपरी आउने पुजिगत | ५००० | | ५००० |
| २ | मर्मत संभार कोष | ५५०० | | ५५०० |
| | जम्मा | | | १०५०० |

भैपरी आउने कोष तर्फ जम्मा रु .१ करोड ५ लाख करोड बिनियोजन गरिएको छ।

माननीय सभाध्यक्ष ज्यू, गाउँ सभाका सदस्य ज्यूहरु अन्त्यमा माथि प्रस्तुत गरेको आ.व. ०७६।७७ को बजेट तयारी देखि प्रस्तुत सम्म आईपुग्दा अहोरात्र खटी महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने गाउँपालिका अध्यक्ष ज्यू, वडा अध्यक्ष ज्यूहरु, कार्यपालिकाका सदस्य ज्यूहरु, विषयगत शाखाका पदाधिकारी, राष्ट्रसेवक कर्मचारी, सुरक्षा कर्मी, समाजसेवी, बुद्धिजिवी,शिक्षक नागरिक समाज, विभिन्न राजनैतिक दलका प्रतिनिधि ज्यूहरु साथैयस महाभारत गाउँपालिकावासी तपाई आमा, बुबा, दाजुभाई तथा दिदीबहिनीहरुमा हार्दिक धन्यवाद व्यक्त गर्दै यस आर्थिक वर्षको बजेट भाषण यहि अन्त्य भएको घोषणा गर्दछु।

धन्यवाद !!!

महाभारत गाउँपालिका

श्री चेतकुमारी माझी
उपाध्यक्ष
महाभारत गाउँपालिका
बनखुचौर, काभ्रेपलाञ्चोक

महाभारत गाउँपालिका